भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
प्रदेश नं १

फोन नं. ०२६-५२२२८३
इमेल: vhlsdhankuta@gmail.com

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
## धनकुटा

सुचना नं. २/२०७८-७९

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/४/२४

दरखास्त दिने अन्तिम मिति २०७८/०५/२१

यस विज्ञ केन्द्रको आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहायका कार्यक्रमहरू कार्यान्वयनका लागि सम्बन्धित कार्यक्रम संचालन निर्देशिका/कार्यविधि २०७६ मा तोकिए बमोजिम सर्तहरू पालना गरी लागत साझेदारीमा संचालन गर्न ईच्छुक तेह्रथुम जिल्लाका आवेदकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगि वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको फोन नं. ०२६-५२२२८३, सम्पर्क केन्द्र म्याङलुङ तेह्रथुमको फोन नं. ०२६-४६०१२७ र सम्पर्क व्यक्ति विद्यादेवी अधिकारीको मोबाइल नं. ९८४२०८१३०३ मा सम्पर्क राख्न र भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ विराटनगरको वेभसाईट www.molmac.p1.gov.np वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको वेभसाईट www.dolfd.p1.gov.np बाट "पशुपंक्षी व्यवसाय प्रवर्दन अनुदान कार्यविधि २०७६" डाउनलोड गर्न सकिने छ ।

### तेह्रथुम तर्फको कार्यक्रम विवरण

| क.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | अधिकतम साझेदारी रकम रू.(प्रति ईकाइ) | प्रस्ताव पेश गर्न सक्ने साझेदारहरू | आवेदन दस्तुर | कार्यविधीको अनुसुची |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि/पशु सहकारी संस्था/समिति र अन्य संस्थाहरुसंग सहकार्यमा व्यवसायिक पशुपालन कार्यक्रम । | संख्या | २ | कुल लागतको ७५% वा बढीमा २५ लाख प्रति इकाई | कृषि/पशुपालनमा आवद्ध सहकारी संस्था, कृषक समुह/समितिहरु र गैर नाफामुलक संघ/संस्था। | २००। | अनुसुची ४ को कार्यक्रम ८३ |
| २ | युवा लक्षित पशु विकास कार्यक्रम | संख्या | ४ | कुल लागतको ७५% वा बढीमा २ लाख प्रति इकाई | सहकारी संघ/संस्था, फर्म, कम्पनी, निजी उद्यमी/व्यवसायीहरु १८ देखी ५० बर्षको हुनुपर्नेछ । | २००। | अनुसुची ४ को कार्यक्रम ८१ |

डा.देव कुमार दर्लामी
पशु चिकित्सक
नि.प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | बंगुर विकास कार्यक्रम | संख्या | १ | कुल लागतको ७५% वा बढीमा २० लाख प्रति इकाई | कृषि/पशुपालनमा आवद्ध सहकारी संस्था र कृषक समूह/समितिहरु। | २००। | अनुसूची ४ को कार्यक्रम १२ |
| ४ | बाख्राको बृहत्तर पकेट प्याकेज कार्यक्रम | संख्या | १ | कुल लागतको ७५% वा बढीमा २५ लाख प्रति इकाई | कृषि/पशुपालनमा आवद्ध सहकारी संस्था, बाख्रापालन व्यवसायिक संघ/संस्था र कृषक समुह/समितिहरु। | २००। | अनुसूची ४ को कार्यक्रम ८४ |
| ५ | वातावरण संरक्षण एवं पोषण सुरक्षाको लागि करेसा पोखरी निर्माण कार्यक्रम | संख्या | ७ | कुल लागतको ७५% वा बढीमा २५ हजार प्रति इकाई | कृषक/कृषक समुह/समितीहरु | व्यक्तिगत १००। संस्थागत २००। | अनुसूची ४ को कार्यक्रम १३ |
| ६ | सहकारी संस्था मार्फत कृत्रिम गर्भाधान प्रवर्द्धन कार्यक्रम | संख्या | १ | कुल लागतको ७५% वा बढीमा ५ लाख प्रति इकाई | सहकारी संस्थाहरु | २००। | अनुसूची ४ को कार्यक्रम १४ |

प्रस्ताव साथ सम्मिलित हुनु पर्ने कागजातहरू:

१. कार्यालयबाट तोकिएको ढाँचाको आवेदन पत्र ।
२. आवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
३. संक्षिप्त व्यवसायिक कार्ययोजना ।
४. कार्यक्रम कार्यान्वयन स्थलको स्वामित्व जग्गाको धनिपुर्जा प्रतिलिपी , तिरो तिरेको रसिद र नक्सा।
५. लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० बर्षको आधिकारिक करारनामा सम्झौता पत्र र मालपोत तिरेको रसिद ।
६. एकाघरको परिवारको सदस्यको नामको जग्गा भए मालपोत तिरेको रसिद सहित मजुरीनामा पत्र र मंजुरीनामा दिने र लिनेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
७. प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा फर्म/संस्था/व्यवसाय दर्ता/नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
८. समुह सहकारीको हकमा कार्य समितिको/समिति/निर्णयको प्रतिलिपी एवं संचालक समितिका पदाधिकारीको नागरिकताको प्रतिलिपी ।
९. अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र ।
१०. लागत साझेदारी गर्ने प्रतिवद्दता पत्र ।
११. विगत ३ वर्ष भित्र अनुदान नलिएको स्वघोषणा पत्र ।
१२. स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र ।
१३. पशु बिमाको कागजात।
१४. कार्यविधीमा उल्लेख भए अनुसार माग गरिएका थप कागजातहरु ।

नोट: व्यवसायिक प्रस्ताव योजनाको नमुना सम्वन्धित कार्यालयबाटै उपलब्ध गराईनेछ ।

दरखास्त बुझाउने स्थान: भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा र सम्पर्क केन्द्र म्याङलुङ ,तेह्रथुम

डा.देव कुमार [illegible]
पशु चिकित्सक
नि.प्रमुख